## प्रारम्भिक सन्दर्भ

मिति २०७४ मंसिर ४ गते महिला पुनर्स्थापना केन्द्र लगायत महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, होमनेट, महिलाका निम्ति महिला मञ्च, महिला अधिकार मञ्च, पौरखी, शक्ति समूह, नेपाल अपाङ्ग महिला संघ, नेपाल महिला एकता समाज, शक्ति मिलन समाज लगायतका १० भन्दा बढी मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको आयोजनामा महिलालाई गरिबको दुँस्चक्रमा पुर्याउने सामाजिक संरचनाका कारणले महिलामाथि हुने हिंसाका फरक सवालहरुको उठाउन गर्ने उद्देश्यले गरिबी विरुद्धको महिला ईजलासको आयोजना गरिएको छ ।

आज हामीले समाजमा महिलालाई हेर्ने दृष्टिकोण र गरिबीका कारण सृजित गरिबीको चक्रका भोग्नुपरेको उत्पीडन, विभेद, असमानत अन्याय, अत्याचार, अमानवीय व्यवहार सहनुपरेका भोगाईहरुको सुनवाई गरियो,

आट, हिम्मत, शाहसका साथ महिलाहरुले आफुमाथि भएका घटनाहरुलाई विश्लेषण सहित, बाहिर ल्याउने शाहसी महिलाहरुप्रति हामी सम्मान प्रकट गर्दै, उहाँहरुले अधिकार प्राप्तिका लागि गरेको संघर्षहरुप्रति हामी ऐक्यबद्धता जाहेर गर्दछौ ।

## मुख्य सवालहरु

१. गरिबीको सवाल आफैमा एक जटिल मुद्दा हो, यसको विविध पक्षहरु छन्, गरिबी भन्ने बित्तिकै आर्थिक गरिबीलाई बुझिन्छ तर गरिबीका सामाजिक(गरिमा), सांस्कृतिक र राजनैतिक(पहिचान) पक्षहरु त्यतिकै महत्वपुर्ण छन्,

आफुलाई निशहाय रुपमा पाउनु पनि गरिबी हो ।

यी माथिका सबै कुराका साथसाथै गरिबीको मुख्य सवाल भनेको मानव अधिकारको सवाल हो ।

२) अधिकाशं प्रस्तुत भएका घटनाहरु नागरिकता र पहिचानको सवालहरुसँग सम्बन्धीत रहेको पाईयो । गरिबीकै कारणले गर्दा जन्मदर्ता, विवाहदर्ता, नागरिकताजस्ता आधारभुत प्रमाणहरु महिलाहरुले प्राप्त गर्न नसक्दा महिलाहरु झन् गरिबीको चपेटामा धकेलिएको पाईयो । यी कुराको अभावले सिंगो गरिब र सिमान्तकृत समुदाय राज्यविहिनताको अवस्थामा पुग्न सक्ने खतरा देखिन्छ ।

३) पित्तृसत्तात्मक सोच र संरचनाहरुबाट निर्देशित सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक संरचनाहरुका कारण महिलाहरु गरिबीको चपेटामा धकेलिएको पाईयो ।

४) आज प्रस्तुत भएका घटनाका केहि अंश जस्तै मनोरञ्जन क्षेत्रमा, र  वैदेशिक रोजगारीमा जाने महिलाहरुलाई हेर्ने दृष्टिकोण र सोच नै विभेदकारी, अन्याय पुर्ण रहेको, महिलाहरु संलग्न भएका श्रमको पहिचान र सम्मान हुन नसकेको र विभेदकारी व्यवहारहरु भएको हाम्रो ठहर छ। र यस्ता सोचाई र व्यवहारलाई संरचनागत रुपमै परिवर्तन गरिनुपर्छ भन्ने हाम्रो मान्यता छ।

५) गरिबी तथा अपाङ्गताको परिबन्धमा पारेर गरिने यौन दुर्व्यवहार र शोषणका घटनाहरु सुन्दा गरिब हुनु भनेको एउटा अभिशाप हो भन्ने प्रत्यक्ष रुपमा देखियो।

६) अधिकांश घटनाको सुनुवाईको आधारमा महिलाहरु आवासको अधिकारबाट पनि बञ्चित भएको पाईयो जसले गर्दा महिलालाई अझै गरिबीको चपेटामा धकेलिएको देखियो।

७) हालको कानुनी प्रावधान अनुसार कानुनी रुपमा सम्बन्धविच्छेद भएपछि प्राप्त भएको सम्पत्तिको हाम्रो समाजमा भएका संरचनागत कारणहरुले गर्दा महिलाहरु सम्पत्तिमा पहुँच नहुने र उपभोग गर्न नपाउनु अवस्था व्यापक रुपमा भएको देखिन्छ। यसले महिलाहरुलाई चरम गरिबीको दुँस्चक्रमा पारेको देखिन्छ।

८) महिलाको यौनिकतालाई केन्द्रविरुद्ध बनाई सामाजिक, आर्थिक, सांस्कृति र राजनैतिक रुपमा महिलाहरुमाथि नियन्त्रण गरी महिलाहरुलाई जोखिमपुर्ण गरिबी जीवन बाच्न बाध्य बनाईएको पाईयो।

९) हिंसा र शोषणका कारण आत्महत्याको प्रयास गरिएको कुराहरु सुनुवाई हुदाँ हाम्रो यसप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भयो।

१०) प्राकृतिक प्रकोपमा हुने विस्थापनमा महिलाहरु विशेष रुपले प्रभावित हुने बढी जोखिमको सामना गर्नुपर्ने त्यसले बालबालिकाहरु समेत प्रभावित भएको पाईयो।

**निष्कर्ष**

१) विद्यमान राज्यले प्रदान गरेको अधिकारलाई सुनिश्चित गरी, नागरिकताको हक महिलाहरुलाई सुनिश्चित गरियोस्। दिर्घकालीन रुपमा नागरिकताको अधिकार जन्मसिद्ध रुपमा प्राप्त गर्नका लागि जन्मभुमिबाट प्रदान गरिनुपर्दछ।

२) महिलाहरुलाई गरिबीको दुँस्चक्रमा पुर्याउने संरचनागत बाधा अड्चनहरु तोडिनुपर्छ, यसका लागि वर्तमान समाजमा रहेको **मौनताको संस्कृति** समाजबाटै हटाउनुपर्छ।

३) यौनिकताको आधारमा श्रमलाई हेर्ने दृष्टिकोणको अन्त्य हुनुपर्छ, यसका लागि श्रमप्रति हेर्ने दृष्टिकोणलाई समानताको रुपमा हेरिनुपर्छ र कुनै पनि श्रमलाई विभेदपुर्ण रुपमा हेरिनु हुदैन।

४) समाज, र राज्य महिलामाथि हुने हरेक प्रकारका हिंसा र विभेदलाई अन्त्य गर्न पुर्ण रुपमा उत्तरदायी र जिम्मेवार हुनुपर्छ ।

५) महिलाहरुको भुमि, रोजगारी जस्ता उत्पादनका क्षेत्रहरुमा समान अधिकार स्थापित गर्न राज्यद्धारा विशेष सावधानीपुर्वक संवेदनशिल कार्यक्रमहरु अगाडी ल्याई महिलाहरुको आर्थिक अधिकार सुनिश्चित गरिनुपर्दछ ।

६) सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउँदै जानु र श्रमलाई सम्मानको दृष्टिले हेर्न आवश्यक छ ।

७) राज्यका सबै निकायहरु जस्तै प्रहरीहरु संवेदनशिल हुनुपर्ने आवश्यक देखिएको छ । र प्रभावितले न्याय प्राप्ति गर्न वातावरण सिर्जनाका लागि छिटो, छरितो कानुनी प्रावधानको व्यवस्था हुनु आवश्यक देखियो ।

८) विपन्न र कठिन परिस्थितमा रहेको जेहेनदार बालबालिकाहरुलाई राज्यद्धारा उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि उनीहरुको आवश्यकता अनुसार शैक्षिक लगानी प्रदान गरिनुपर्दछ ।

९) महिलाको मुद्दालाई अझ सशक्त रुपमा बाहिर ल्याउनका लागि महिला आन्दोलन सशक्त र संगठित हुदै अगाडि बढ्नु आवश्यक देखिन्छ ।

**निर्णयक मण्डल**

श्री डा.ज्योति तुलाधर

श्री डा. रेणु अधिकारी

श्री नेत्र तिम्सिना

श्री सरस्वती सुब्बा

श्री सन्ध्या श्रेष्ठ